प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ६ ॥ २०८१ माघ २१ गते सोमबार (3rd Feb 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-


# पाथीभरा केबलकारको विवाद मिलाउन वार्ता समिति



झापा(प्रस) । ताप्लेजुङको पाथीभरा क्षेत्रमा केबलकार निर्माणलाई लिएर उत्पन्न विवाद समाधान गर्न संघ सरकारले वार्ता समिति गठन गरेको छ । गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा गठित समितिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सहरी विकास मन्त्रालयका प्रतिनिधि रहेका छन् । तर ती मन्त्रालयका प्रतिनिधिको नाम गृह मन्त्रालयले खुलाएको छैन ।

गृह मन्त्रालयले केही दिनअघि वार्ता समिति गठन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरेको थियो । तर संघीय मामिला मन्त्रालयले यो समस्या बहुपक्षीय सरोकार रहेको तथा शान्ति सुरक्षा व्यवस्थापन समेत गर्नुपर्ने भएकाले अन्य सरोकारवाला निकायसहितको समन्वय र सहजीकरण गृह मन्त्रालयबाटै गर्नु उपयुक्त हुने व्यहोराको पत्र पठाएको थियो ।

त्यसपछि गृहबाटै वार्ता समिति गठन गरिएको हो । गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीद्वारा आइतबार जारी विज्ञप्तिमा वार्ता टोलीले तत्कालै काम थाल्ने उल्लेख गर्दै आन्दोलनरत पक्षलाई समेत घोषित कार्यक्रम फिर्ता लिई संवादमार्फत समस्या समाधान गर्न अनुरोध गरिएको छ ।

आन्दोलनरत पक्ष भने पक्राउ परेका प्रदीप मादेनसहितका तीन जनाको रिहाइ र केबलकार निर्माण स्थगनपछि मात्रै वार्तामा बस्ने अडानमा छ । यसअघि उनीहरूले निर्माणस्थलबाट सशस्त्र प्रहरी फिर्ता हुनुपर्ने माग पनि राख्ने गरेका थिए तर पछिल्लो समय यो माग राखिएको छैन ।

पाथीभरा केबलकार निर्माण रोक्न र पक्राउ परेका तीन जनालाई रिहा गर्न स्थानीय प्रशासन तयार नभएपछि 'नो केबलकार आन्दोलन' भने लम्बिएको छ । ताप्लेजुङबाट माघ १५ मा सुरु भएको यातायात बन्द पूर्वका नौ जिल्लामा फैलिइसकेको छ । झापाको दमक, सुनसरीको इटहरीलगायत स्थानमा आइतबार प्रहरी र आन्दोलनकारीबीच झडप पनि भएको छ ।

कोशी प्रदेश प्रहरी प्रवक्ता एसपी दीपक पोखरेलका अनुसार आइतबार झापाबाट ८ र सुनसरीबाट ६ जना गरी १४ जना प्रदर्शनकारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दमकमा आन्दोलनकारीले प्रहरीको गाडीको सिसा फुटाएपछि एक राउन्ड हवाई फायर गरेको उनले दाबी गरे । आन्दोलनरत समूहले ताप्लेजुङ, पाँचथरलगायतका जिल्लामा दुई पांग्रे सवारी (मोटरसाइकल), तीनपांग्रे (टेम्पो) समेत चल्न दिएका छैनन् । यातायात बन्दको प्रभाव इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभामा समेत परेको छ ।

बन्द खुलाउने र वार्ता गर्ने विषयमा आइतबार दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म जिल्ला प्रशासन कार्यालयमा छलफल भएको थियो । आन्दोलनरत समूहमा आबद्ध राजनीतिक दलका प्रतिनिधि, फुङलिङ नगरपालिका प्रमुख, पाथीभरा याङवरक, मेरिङदेन, फक्ताङलुङ, मिक्वाखोला गाउँपालिका अध्यक्ष, जिल्लामा क्रियाशील राजनीतिक दल, उद्योग वाणिज्य संघलगायतका संस्थाका प्रतिनिधि छलफलमा सहभागी थिए ।

आन्दोलनरत राष्ट्रिय जनमुक्ति पार्टीका केन्द्रीय उपाध्यक्ष एवं आन्दोलन समितिका संयोजक भक्त खेबाङले प्रहरी हिरासतमा रहेका तीन जनालाई बिनासर्त रिहा गर्नुका साथै वार्ता अवधिसम्म निर्माण रोके आन्दोलन स्थगन गर्ने बताएका थिए । 'पक्राउ परेका साथीहरू छाडेर वार्ता हुन्जेल केबलकारको काम रोके बन्द/हडतालका कार्यक्रम तुरुन्तै स्थगन गर्छौं ।'

छलफलमा फुङलिङ नगर प्रमुख अमिर मादेनदेखि सबैजसो गाउँपालिका अध्यक्ष र राजनीतिक दलका प्रमुखले पक्राउ परेका कार्यकर्ता छाडिदिन स्थानीय प्रशासनलाई आग्रह गरेका थिए । 'कतिपय विषयमा राज्यले संयमता अपनाउनुपर्छ र जनताको सहजताका लागि एक कदम पछाडि सर्नुपर्छ,' फक्ताङलुङ गाउँपालिका अध्यक्ष राजन लिम्बूले प्रमुख जिल्ला अधिकारीलाई भनेका थिए, 'प्रहरी नियन्त्रणमा रहेकालाई छोडौं, वार्ता हुन्जेल निर्माणस्थलमा डोजर नचलाऔं ।'

पाथीभरा याङवरकका अध्यक्ष केशर सुब्बा र मेरिङदेनका अध्यक्ष युकहांविर हाङगामले पनि पक्राउ परेकालाई छाडिदिन प्रशासनलाई अनुरोध गरेका थिए । 'मान्छे अस्पतालसम्म पुग्नलाई समस्या भएको छ, थप द्वन्द्वको खतरा बढेको छ, समुदाय विभाजित हुन थालेको छ । त्यसैले पक्राउ परेकालाई छाडेर बन्द फिर्ता गराऔं,' उनले भनेका थिए । प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले भने पक्राउ परेकालाई अदालतबाट म्याद थप भएकाले २२ गतेसम्म छाड्न नसकिने बताए । 'हामी मुद्दा लचिलो बनाएर लैजान सहमत छौं,' उनले भने ।

स्थानीय प्रशासनको काम सुरक्षा दिने मात्रै भएकाले 'काम रोक या गर' भन्ने अधिकार पनि आफूसँग नभएको उनले बताए । त्यसपछि आक्रोशित भएका जनप्रतिनिधिलगायतका सहभागीले 'हाम्रो सल्लाह नमान्ने भए किन बोलाएको ?' भनेर प्रजिअ शर्माप्रति आक्रोश व्यक्त गरेका थिए । कांग्रेस नेता एवम् पाथीभरा क्याम्पस सञ्चालक समिति अध्यक्ष सिला इजमले केबलकारको विवाद समुदायसम्म पुगेकाले समाज भड्किएर थप क्षति भए त्यसको जिम्मा प्रशासनले लिनुपर्ने चेतावनी दिइन् ।

पाथीभरामा केबलकार बनाउने र बनाउन नदिनेबीच २०७५ सालदेखि विवाद हुँदै आएको छ । केबलकारको तल्लो स्टेसन रहने ठाउँमा एक्स्काभेटरले जमिन सम्याउन थालेपछि गत माघ १२ मा काफ्लेपाटीमा रहेका सुरक्षाकर्मी र प्रहरीबीच झडप भएको थियो । झडपमा तीन आन्दोलनकारी र २१ सुरक्षाकर्मी घाइते भएका थिए । झडपपछि आन्दोलनरत पक्षले ताप्लेजुङ, ताप्लेजुङबाट पाँचथर, इलाम हुँदै झापाको चारआलीसम्मको मेची राजमार्ग र ताप्लेजुङबाट पाँचथर हुँदै धनकुटाको मूलघाटसम्मको तमोर करिडोरमा यातायात बन्द गरेको छ ।

काफ्लेपाटीको बलुडाँडामा भएको झडपका विषयमा कोशी प्रदेशसभाका सांसदहरूले समेत प्रश्न उठाएका थिए । उनीहरूले आन्दोलनरत समूहसँग तत्काल वार्ता गर्न सरकारलाई अनुरोध गरेका थिए । ताप्लेजुङ १ (२) बाट निर्वाचित कोशी प्रदेशका उद्योग कृषि तथा सहकारी मन्त्री खगेनसिं हाङ्गामले प्रदेश सरकारद्वारा गठित शान्ति तथा राजनीतिक वार्ता समितिलाई वार्ताका लागि अनुरोध गरेका थिए । आर्थिक मामिला तथा योजना मन्त्री राम राना नेतृत्वको समितिले वार्ता आह्वान गर्ने निर्णय गरेको थियो । तर समितिले आइतबार बेलुकासम्म आन्दोलनरत पक्षलाई पत्राचार गरेको छैन ।

प्रमुख जिल्ला अधिकारी शर्माले भने आन्दोलनरत संस्थाका अगुवाको सम्पर्क नम्बर आफूले समितिलाई पठाएको बताए । 'मैले जिल्लाको हरेक गतिविधिको जानकारी प्रदेश र संघ सरकारलाई गराएको छु,' आइतबारको छलफलमा उनले भने ।

पाथीभरा मन्दिरलाई लक्ष्य गरी फुङलिङ नगरपालिका-१० काफ्लेपाटीदेखि मन्दिर छेउसम्म २.७ किलोमिटर लामो केबलकार बन्दै गरेको हो । आन्दोलनरत पक्षले पाथीभरा मुक्कुमलुङ लिम्बू समुदायको मुन्धुमीस्थल भएकाले यथावत् अवस्थामा राख्नुपर्ने माग गर्दै आएको छ । उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल नेतृत्वको पाथीभरा मुक्कुमलुङ केबलकार प्रालिले फुङलिङ नगरपालिकाबाट निर्माण अनुमति लिएर केबलकार निर्माणको काम थालेको थियो ।

# मेचीनगरमा सातहजार बढीलाई एचपिभी खोप दिइने



• **लक्ष्मी उप्रेती**

मेचीनगर । यही माघ २२ देखि २९ गतेसम्म पाठेघरको क्यान्सरविरुद्ध दिईने एचपिभी खोप अभियानलाई प्रभावकारी बनाउन झापाको मेचीनगर नगरपालिकाले सबैलाई आग्रह गरेको छ । विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका किशोरीहरु र विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीहरुलाई एचपिभी खोप प्रदान गरी पाठेघरको मुखको क्यान्सर निवारण गर्नमा योगदान पुर्‍याउने अभियानको लक्ष्य रहेको छ ।

मेचीनगर नगरपालिका स्वास्थ्य शाखाले नगरपालिकाको सभाहलमा नगर उपप्रमुख मीना पोखेल उप्रेतीको अध्यक्षतामा आयोजना गरेको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख सविता सापकोटाले पाठेघरको मुखको क्यान्सर रोगको अवस्था , एचपिभी खोप र अभियानको औचित्यमाथि प्रकाश पारिन् ।

माघ २२ देखि २९ गतेसम्म पालिकाभित्र खोप अभियान सञ्चालन हुने जनाइएको छ । २८ गतेसम्म विभिन्न विद्यालयमा रहेका खोपकेन्द्रबाट र २९ गते खोप लगाउन छुटेकाहरुलाई सम्बन्धित वडाको स्वास्थ्य केन्द्रबाट लगाउने योजना छ ।

नगरपालिकाको स्वास्थ्य शाखाले खोप समन्वय समिति, नगरका विभिन्न वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, जनप्रतिनिधिहरू,नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख अन्नतप्रकाश वस्तीसहित विभिन्न शाखाका प्रमुखहरू स्वास्थ्यकर्मी, सञ्चारकर्मी र सराकोरवाला निकायको बिचमा गरेको अभिमुखीकरणमा नगरभित्रका सामुदायिक तथा नीजि विद्यालयका कुल ५ हजार ९ सय ८२ जना छात्रा तथा विद्यालय बाहिरका कुल १ हजार ८२ गरी कुल ७ हजार ६४ जनालाई एचपिभी खोप लगाउने लक्ष्य राखिएको स्वास्थ्य शाखा संयोजक सापकोटाले जानकारी दिइन् ।

उनका अनुसार खोप अभियान सञ्चालनका लागि नगरभित्र १ सय ७२ वटा खोपकेन्द्र निर्धारण गरिएको छ । नगरभित्रका सामुदायिक तथा निजी विद्यालय तथा स्वास्थ्य केन्द्रलाई खोपकेन्द्र निर्धारण गरिएको हो ।

जसका लागि एकसय स्वास्थ्यकर्मी र १ सय ९४ जना स्वयम्सेवकसहित २ सय ९४ जना जनशक्ति परिचालन गरिने शाखाका सहसंयोजक राजप्रसाद अधिकारी (पुजन) ले जानकारी दिए ।

मेचीनगर नगरपालिकाका उपप्रमुख उप्रेतीले दोस्रो समस्याका रुपमा पाठेघरको क्यान्सर देखिएकाले यसको विरुद्ध सञ्चालन हुन लागेको खोप अभियान सफल बनाउन सवैको दायित्व हुने बताइन् ।

# भद्रपुरका मूल सडकमा व्यापार र पार्किङ

• **द्रोण अधिकारी**

भद्रपुर । पछिल्ला वर्ष फराकिला सडक बन्ने क्रम तीव्र भएपनि भद्रपुर नगरक्षेत्रका मूल सडक अतिक्रमणमा पर्दा आवतजावतमा नागरिकले सास्ती व्यहोर्नु परिरहेको अवस्था अन्त्य हुन सकेको छैन ।

झापा सदरमुकामसमेत रहेको भद्रपुरका सरकारी कार्यालय र वजार क्षेत्रका मुख्य सडकमा हुने व्यापार तथा व्यक्तिगत उपयोगका नाममा अतिक्रमित हुँदा स्थानीयले सास्ती व्यहोर्नु परिरहेको हो ।

नेपालकै पुराना भद्रपुर नगरपालिकाको भौतिक पूर्वाधारदेखि मानव विकास र जनजीविकाको अवस्थासम्म हेर्दा परिवर्तनका सवै संभावनाले यथोचित ठाउँ पाउन सकेको छैन ।

जुन समयमा यस नगरको गठन भयो, त्यस बेलाको रूप सही र व्यवस्थित थियो तर अहिले स्थापनाको सात दशक पार गरिसकेको अवस्थामा यस नगरको स्वरूप अव्यवस्थित बजार र सडकका रूपमा रूपान्तरण हुँदै गइरहेको छ भने सडक अतिक्रमण गरेर व्यापार व्यवसाय गर्नेहरूका कारण बजार र सरकारी कार्यालय क्षेत्रमा आवतजावतको निकै ठूलो समस्या छ ।

झापा जिल्लाको सदरमुकाम समेत रहेको भद्रपुरमा बिगतको जस्तो सानो स्वरूपले अहिले नगरको बजारीकरणको सज्जा सुहाउँदैन । सदरमुकाम रहेको चन्द्रगढी क्षेत्रमा नियमविपरित सडक मिचेर सरकारी कार्यालय आसपासका सडक हिड्नै नसक्ने गरी अतिक्रमण भइरहेको छ । स्थानीय सरकारले आफ्नो मातहतका सडक आवागमनविपरित अन्यत्रै प्रयोग भइरहँदा समेत नदेखै गरिरहेको छ ।

संघीय सरकारको नेतृत्व गर्ने प्रमुख जिल्ला अधिकारी आफ्नै कार्यालय अगाडिको सडक तथा खाली सरकारी भवनमा भइरहेका अवैध क्रियाकलाप रोक्ने प्रतिबद्धता जनाएर कार्यभार



सम्हाल्ने कार्यान्वयनमा नपुगी नागरिकका समस्या अव्यवस्थित सडकमै छोडेर कार्यकाल पूरा गरेर जाने परम्परा नै स्थापित भइसकेको छ ।

मेची पुल निर्माण अगाडि भद्रपुर बजारको मूल सडक सहज नै मान्नु पर्ने अवस्थामा थियो । तर, अहिले मेची पुल निर्माणपश्चात् मुख्य बजारको सडक असहज बन्दै गइरहेको छ । साँघुरो सडकका कारण आवतजावतमा समस्या थपिँदै छ । न्यूनतम मापदण्डसमेत नपुगेको बजारको मूल सडक व्यापारका नाममा आफै अतिक्रमणमा छ । जसको असर भद्रपुर बजारबाट आवतजावत गरिरहेका यात्रुले भोगिरहेका छन् । यस समस्याको निराकरणका लागि स्थानीय सरकारले समेत ठोस कार्ययोजना ल्याउन सकेको छैन । राजनीतिक मखुण्डोधारीले वजार क्षेत्रको मूल सडक फराकिलो बनाउन अवरोध गरिरहेका छन् भने नगरको नेतृत्व अनिर्णयको बन्दी बन्दा समस्यामा स्थानीय परिरहेका छन् ।

एक दशकयता भद्रपुर बजारलाई व्यवस्थित बनाउन सडक सहज बनाउने काममा नगरपालिका र झापा उद्योग वाणिज्य संघले समेत संयुक्तरूपमा चासो देखाएर विगत वर्षहरूमा सर्वपक्षीय भेला गरेका थिए । संस्थागत रूपमै विभिन्न समयमा आठ बुँदे निर्णय समेत गरेका थिए । तर, त्यो निर्णय कागजमै सीमित बन्दा भद्रपुर बजारप्रति न नगरपालिकाले उल्लेख्य प्रगति हुने गरी चासो देखायो, न त वाणिज्य संघले नै यहाँका व्यापारीको पक्षमा आवाज उठायो ।

नगरपालिकाले सार्वजनिक गरेको पछिल्लो निर्णय अनुसार जनता चोकदेखि भद्रपुर भन्सार कार्यालयसम्मको सडकमा खुद्रा तथा थोक व्यवसायीहरूले आफ्नो पसल क्षेत्रभित्रका सामग्री व्यवस्थापन गर्न तथा पसलको बरण्डा वा सडक


❖ बाँकी तेस्रो पृष्ठमा

# गौरीगञ्जको आठमौजा छोटी भन्सार पुनः सञ्चालनमा



झापा(प्रस)। झापा गौरीगञ्जको आठमौजा छोटी भन्सार कार्यालय आइतवारदेखि पुनः सञ्चालनमा आएको छ। मेची भन्सार कार्यालय काँकरभिट्टाबाट नायव सुब्बा विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा ४ जना कर्मचारी खटाइएको छ। ती कर्मचारीहरुले आइतवारदेखि कामकाज शुरु गरेको मेची भन्सार कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलले बताए। कोरोना कालदेखि सो भन्सार बन्द रहेको थियो।

मेची भन्सार कार्यालयअन्तर्गत ७ वटा छोटी भन्सार रहेका छन्। कतिपय छोटी भन्सारको नामोनिशान नै छैन। भारतको विहार तथा बंगाल राज्यसँग जोडिएको झापा जिल्लामा काँकरभिट्टा र भद्रपुर गरी दुई वटा मुख्य नाका छन्। दुवै नाकामा मूल भन्सार रहेका छन्। जिल्लाका अन्य नाकाहरूमा छोटी भन्सार कार्यालयहरू रहेका थिए। तर, काँकरभिट्टा र भद्रपुर नाकाबाहेक अन्य भन्सारहरु लामो समयदेखि कोरोना महामारीका कारण बन्द छन्।

बिहारको फत्तेपुर नाकासँग जोडिएको छोटी भन्सार आठमौजा संचालन भएपछि माई पश्चिमका बासिन्दालाई सहज हुने भएको छ। छोटी भन्सार बन्द भएपछि सीमाबाट अवैध आयातनिर्यात हुने क्रम बढ्दै गएको छ।

# विद्यार्थीलाई नि:शुल्क चित्रकला शिक्षा

झापा(प्रस)। अस्ट्रेलियाका चित्रकारले दिक्तेलमा विद्यार्थीलाई नि:शुल्क चित्र कोर्न सिकाउन सुरु गरेका छन्। तीन महिनासम्म नि:शुल्क विद्यार्थीलाई चित्र बनाउन सिकाउन आएका अस्ट्रेलियाका वरिष्ठ चित्रकार रे मार्सदेनले दिक्तेलस्थित सरस्वती माध्यमिक विद्यालयमा नि:शुल्क पढाउन सुरु गरेका हुन्। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले अघिल्लो वर्ष आयोजना गरेको मुन्दुम अन्तर



र्राष्ट्रिय चित्रकला कार्यशाला तथा प्रदर्शनीमा भाग लिन आएका कलाकार मिस्टर रे अहिले विद्यार्थीलाई चित्र बनाउन सिकाउन आइपुगेका हुन्।

दिक्तेल वरिपरिका सामुदायिक विद्यालय र संस्थागत विद्यालयका ३५ जना विद्यार्थी चित्रकला कक्षामा सहभागी भएका छन्। एक महिनासम्म सरस्वती माध्यमिक विद्यालयमा उक्त विद्यार्थीहरुले चित्र बनाउन सिक्ने नगरपालिकाले जनाएको छ। त्यसपछि पुनः अर्को विद्यालयमा लगेर नजिकका विद्यार्थी समेटेर चित्र बनाउन सिकाउने तयारी गरिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका मेयर तीर्थराज भट्टराईले बताए।

हाल मिस्टर रे तीन महिनाको लागि नेपाल आएका हुन्। भिजा मिलेमा अन्य समय पनि खोटाङमा बसेर विद्यार्थी पढाउने उनको तयारि छ।

# एकतिस मुलुकसँग फाइदाको व्यापार

झापा(प्रस)। नेपालले वैदेशिक व्यापार गर्ने विभिन्न ३१ मुलुकसँग व्यापार नाफामा रहेको छ। नेपालले विश्वका १६० मुलुकसँग व्यापार गरेकोमा ३१ मुलुकसँग मात्रै व्यापार नाफामा रहेको हो। बाँकी १२९ मुलुकसँगको व्यापार भने घाटामा देखिन्छ।




भन्सार विभागका अनुसार अफगानिस्तान, डेनमार्क, अस्ट्रिया, माल्दिभ्स, माल्टा, नर्वे, इरान, आइसल्यान्डलगायतका मुलुकसँग नेपालको व्यापार नाफामा रहेको छ। चालु आर्थिक वर्षको छ महिनामा नेपालबाट अफगानस्तानमा ४७ करोड ५६ लाख २० हजार रुपियाँको निर्यात हुँदा १२ करोड ३९ लाख रुपियाँको आयात भएको छ। यस्तै अस्ट्रियासँग ५९ करोड ७४ लाख रुपियाँको निर्यात हुँदा १६ करोड नौ लाख रुपियाँको निर्यात भएको छ। डेनमार्कमा ३५ करोड रुपियाँको निर्यात हुँदा १२ करोड १२ लाख ९८ हजार रुपियाँको आयात भएको छ। नेपालबाट माल्दिभ्समा एक करोड ४६ लाख २९ हजार रुपियाँको निर्यात हुँदा चार हजार रुपियाँको आयात भएको छ। यस्तै माल्टामा एक करोड ४९ लाख रुपियाँको निर्यात हुँदा नौ लाख २१ हजार रुपियाँको आयात भएको छ। आइसल्यान्डमा ८४ लाख १३ हजार रुपियाँको निर्यात हुँदा ६७ हजार रुपियाँको आयात भएको तथ्याङ्क छ। इरानमा ५४ लाख १७ हजार रुपियाँको निर्यात हुँदा १३ लाख ८१ हजार रुपियाँको आयात भएको विभागको तथ्याङ्क छ। नर्वेमा आठ करोड १७ लाख रुपियाँको निर्यात हुँदा सात करोड ८५ लाख ३१ हजार रुपियाँको आयात भएको छ। युगान्डामा दुई करोड ५० लाख रुपियाँको निर्यात हुँदा एक करोड ९२ लाख रुपियाँको आयात भएको छ।

विभागको तथ्याङ्क अनुसार चालु आव २०८१/८२ को छ महिनामा आयात ७.०६ प्रतिशतले बढेर आठ खर्ब २२ अर्ब ३७ करोड पाँच लाख रुपियाँ पुगेको छ। गत वर्ष सो अवधिमा सात खर्ब ६८ अर्ब १६ करोड ६५ लाख रुपियाँको आयात भएको थियो। चालु आवको छ महिनामा निर्यात ३१.७८ प्रतिशतले वृद्धि भई ९८ अर्ब ७९ करोड रुपियाँ पुगेको छ। गत वर्ष सो अवधिमा ७४ अर्ब ९६ करोड ८० लाख रुपियाँको निर्यात भएको थियो। छ महिनामा सबैभन्दा धेरै भारतबाट पाँच खर्ब दुई अर्ब ८५ करोड रुपियाँको आयात भएकोमा नेपालबाट ७३ अर्ब ७१ करोड रुपियाँको निर्यात भएको छ। आयात उच्च भए पनि सो अनुपातमा निर्यात नहुँदा भारतसँग चार खर्ब २९ अर्ब १४ करोड रुपियाँको व्यापार घाटा रहेको छ। यस्तै चीनसँग एक खर्ब ६० अर्ब ५४ करोडको आयात हुँदा एक अर्ब ९२ करोड रुपियाँको निर्यात भएको छ। चीनसँग एक खर्ब ५८ अर्ब ६२ करोड रुपियाँको व्यापार घाटा रहेको छ।

नेपालमा आयात हुने प्रमुख वस्तुमा पेट्रोलियम पदार्थ, फलामको कच्चा पदार्थ, कच्चा भटमासको तेल रहेका छन्। यस्तै नेपालबाट धैरै निर्यात हुने वस्तुमा भटमासको तेल,सूर्यमुखीको तेल, अलैंची, हाते गलैंचा र चिया रहेका छन्।


## सामाजिक अपराध र हिँसा विरुद्ध एकजुट होऔं

- अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं,
- पिडितलाई न्यान दिलाउन सबैले सहयोग गरौं,
- हिँसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं,
- महिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं,
- सामाजिक अपराध र हिंसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं,
- अपराध भएको वा हुनसक्ने आशङ्का लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं,
- सामाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सबै मिलेर अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बिर्तामोड नगर अस्पताल

बिर्तामोड-३, बिर्ताबजार, झापा

### अस्पतालबाट प्रवाह हुने सेवाको समय तालिका

प्रसूति सेवा — २४ घण्टे, नियमित

इमरजेन्सी सेवा — प्रत्येक दिन, बिहान ७ देखि बेलुका ७ बजेसम्म

### ओ.पि.डी. सेवा

| टिकट काट्ने समय | ओ.पि.डी. समय |
|---|---|
| आइतबारदेखि बिहीबारसम्म<br>बिहान ७:०० बजेदेखि दिउँसो १:०० बजेसम्म<br>शुक्रबार<br>बिहान ७:०० बजेदेखि दिनको १२:०० बजेसम्म | आइतबारदेखि बिहीबारसम्म<br>बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म<br>शुक्रबार<br>बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म |



### विशेषज्ञ सेवाको समय

| | |
|---|---|
| स्त्रीरोग विशेषज्ञ | प्रत्येक दिन, बिहान ७:०० देखि ५:०० बजेसम्म |
| बालरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| मनरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| फिजिसियन | प्रत्येक बुधबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| हाडजोर्नी विशेषज्ञ | प्रत्येक बिहीबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| सर्जरी | प्रत्येक शुक्रबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |




## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,शिवसताक्षी न.पा.वडा नं.-३ मा बस्ने श्री गोविन्द अधिकारीका नाती,श्रीनन्दलाल अधिकारीका छोरा,श्री चन्द्र प्रसाद अधिकारीको मिति वि.सं.२०७८/०१/११गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगन्जमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती चन्द्रमाया अधिकारीले मिति वि.सं.२०८१/१०/१४मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर वडा नं.-१०मा बस्ने श्री खडानन्द भट्टराईका नाति,श्री कुबेर प्रसाद भट्टराईका छोरा,श्री बद्री प्रसाद भट्टराईको मिति वि.सं.२०८१/१०/०१गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय धुलाबारीमा रहेको खाताको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती सुष्मा कुमारी कोइरालाले मिति वि.सं.२०८१/१०/२०मा यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/२१**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल:**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालय: चारपाने**<br>**ऋणी:** चन्द्र बहादुर निरौलाको नाति, धन बहादूर निरौलाको छोरा नागरिकता वमोजिम झापा जिल्ला, चारपाने गा.वि.स., वडा नं. ०२, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ०५, बस्ने मिति २०५०/११/२९ मा जिल्ला प्रशासन कार्यालय, झापा बाट जारी गरिएको ना.प्र.प.नं. ३२३५६८७६ भएको बर्ष ४८ को **विजय निरौला**। | व्यक्तिगत आवधिक कर्जा | विजय निरौलाको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स. वडा नं.६ स्थित कित्ता नं.१९५१८ को क्षेत्रफल: ३२५.९० व.मि. जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत। |
| | **व्यक्तिगत जमानीकर्ता:**<br>नाम : शान्ता कुमारी कार्की<br>बाबु : कृष्ण बहादुर कार्की<br>पति : विजय निरौला<br>ना प्र नं : ७७२५२ ( २०६०/०५/२९,मोरङ्ग )<br>ठेगाना : मोरङ जिल्ला, हरैचा गा.वि.स., वडा नं. ०४, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ०५, बस्ने। | **व्यक्तिगत जमानीकर्ता:**<br>नाम : धनमाया निरौला<br>बाबु :कुल बहादुर सुवेदी<br>पति : धन बहादुर निरौला<br>ना प्र नं : १९२७११३० (२०४६/०३/०८, झापा)<br>ठेगाना : झापा जिल्ला, चारपाने गाउपञ्चायत वडा नं. ०२, स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ०५, बस्ने। | |

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मिलेर गरौ विपद व्यवस्थापन

मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रअन्तर्गत जिल्लाका चार पालिकाको साझेदारीमा एकीकृत विपद् व्यवस्थापन केन्द्र धमाधम निर्माण भइरहेको छ ।

अर्जुनधारा, बिर्तामोड, बुद्धशान्ति र कनकाईको साझेदारीमा अर्जुनधारा नगरपालिका–१ मा निर्माणाधीन उक्त परियोजनाको कुल लागत रु पाँच करोड २० लाख रहेको छ ।

स्वीस सरकार र कोशी प्रदेश सरकारले परियोजनालाई सहयोग गरेका छन् । उक्त एकीकृत विपद् व्यवस्थापन केन्द्रमा प्रहरीको युनिटसहित चारवटा दमकल, एउटा शववाहन, प्रहरी वाहन र तीनवटा साना वाहन रहने छ ।

वाहन मर्मत गर्ने ग्यारेज, पानी जम्मा गर्ने रिजर्भियर, विपद् सामग्री भण्डारण गर्ने गोदाम, प्रहरी, कामदार र कर्मचारी बस्ने आवास, हेलिप्याड, प्रशासनिक भवनलगायत पूर्वाधार निर्माण भइरहेको छ ।

परियोजनामा प्रदेश सरकारको ५० प्रतिशत, स्वीट्जरल्याण्ड सरकारको २० प्रतिशत, बुद्धशान्ति गाउँपालिकाको छ प्रतिशत र अन्य तीनवटा नगरपालिकाको २४ प्रतिशत लगानी रहेको छ ।

सञ्चालन कार्यविधिअनुसार परियोजनाको सञ्चालन र रेखदेख चारवटै स्थानीय तहले मिलेर गर्ने र उपयोग भने त्यसभन्दा बाहिरका पालिकाले पनि गर्न सक्नेछन् ।विसं २०८० मंसिरमा सुरु गरिएको उक्त परियोजना दुई वर्षभित्र निर्माण भइसक्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ । हाल परियोजनाको भौतिक प्रगति ५० प्रतिशत र आर्थिक प्रगति ४० प्रतिशत रहेको बताइएको छ ।

जिल्लाको केन्द्रीय भूभाग पारेर अर्जुनधारामा निर्माण गरिने विपद् व्यवस्थापन केन्द्रबाट जिल्लाको १५ वटै पालिका र छिमेकी इलाम र मोरङ जिल्लावासी पनि लाभान्वित हुने आशा गरिएको छ ।

केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने दमकल, एम्बुलेन्स, डुङ्गा, शववाहन र अन्य उपकरणसहित चौबीसै घण्टा प्रहरी जनशक्ति तैनाथ रहने भएकाले कुनै पनि विपद्का बेला यसबाट उद्धार कार्यलाई छिटो र व्यवस्थित रूपमा अघि बढाउन सकिने विश्वास छ ।

अन्तरपालिका साझेदारीमा परियोजना सञ्चालन भएकाले यसलाई कोशी प्रदेशको नमूना विकास परियोजनाका रूपमा हेरिएको छ । पालिका एक्लाएक्लैले लगानी गर्न असम्भव हुने र साझा सवालमा मिलेर लगानी गर्ने अवधारणाअनुरुप जिल्लाका चारवटा पालिकाको साझेदारीमा एकीकृत विपद् व्यवस्थापन केन□को निर्माण भइरहेको हो । यसबाट मिलेर विपद्संग लड्न र विपद्पछिको संकटको सामना गर्न सहज हुने भएको छ ।

# वृद्धभत्ता कि वृद्धाश्रम



• प्राडा शान्तिकृष्ण अधिकारी

नेपालमा वृद्धभत्ता प्रदान गर्ने परम्परा आव २०५१-५२ को वार्षिक बजेटपश्चात् आरम्भ गरिएको हो । नेकपा (एमाले)का नेता मनमोहन अधिकारी प्रधानमन्त्री भएका बखत अर्थमन्त्री भरतमोहन अधिकारीले प्रस्तुत गरेको उक्त बजेटमा 'ज्येष्ठ नागरिकलाई वृद्धभत्ता' शीर्षकमा प्रतिमहिना एक सय रुपियाँ उपलब्ध गराउने व्यवस्था गरिएको थियो । त्यसयता पटक पटक वृद्धभत्तामा वृद्धि गरिँदै अहिले मासिक चार हजार पुऱ्याइएको छ । कति भत्ता पर्याप्त हो भन्ने अलगै बहसको विषय हुन्छ तर प्रथम पटक सुरुवात गरेको हुँदा यसको श्रेय नेकपा एमालेले लिँदै आएको छ । मासिक रूपमा पेन्सन वा कुनै अन्य आम्दानी नभएका पाका नागरिकलाई यसले केही भए पनि भरथेग त गरेको छ तर यसैले मात्रै ज्येष्ठ नागरिकको चाहनाको पूर्ति गर्न सक्छ र भन्ने प्रश्न उठेको छ ।

वृद्धभत्ताको व्यवस्था गरेका कारण मुलुकका ज्येष्ठ नागरिकको मन एमालेले जित्न सफल भएको अनुभव गरी त्यसपछि यसमा वृद्धि गर्ने होडबाजी नै चलेको देखिन्छ । नेपालमा बारम्बार सरकार परिवर्तन हुने र सरकारले केही गरेको देखाउन वृद्धभत्ता वृद्धि गर्ने लहर नै चलेको पाइन्छ । पछिल्ला समयमा एमालेले भन्दा अरू दल सरकारमा रहँदा नै भत्तामा अधिक वृद्धि गरिएको छ र पनि एमालेले पाएको श्रेय अरू कसैले खोस्न सकेका छैनन् । पालनपोषण गर्नेको भन्दा बीजारोपण गर्ने पिता र जन्मदिने आमाकै अधिकार भए जस्तै वृद्धभत्ता प्रकरणमा एमालेकै एकलौटी अधिकार देखिँदै आएको छ ।

ज्येष्ठ नागरिकको मन जित्ने प्रतिस्पर्धा चल्दै जाँदा ७० वर्ष उमेर भएपछि पाइने वृद्धभत्ता ६८ को उमेरमै पाइने बनाइएको छ । अझ एक पटक त ६५ वर्षमै प्रदान गरिने घोषणा गरिएको थियो तर यो प्रावधान भने लागु हुनै नपाई तुहियो । ६८ वर्षको प्रावधान आरम्भ गरिएपछि नेपालका २० लाख हाराहारी ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा अन्तर्गत यो सुविधा प्राप्त गर्ने अवसर पाएका छन् । रकम तलमाथि भए पनि सामाजिक सुरक्षा अन्तर्गत नै कर्णालीका बासिन्दा, अपाङ्ग, एकल महिलालगायतका लागि ६० वर्षमै यो सुविधा दिइन्छ । कतिपय अवस्थामा ६० वर्ष मुनिकाले समेत पाउन व्यवस्था गरिएको छ ।

स्वास्थ्य सेवामा विस्तार हुँदै जाँदा नेपालीको औसत आयु वृद्धि हुँदै गएको छ । मानिसमा देखिने बुढ्यौली पनि पहिलाको जस्तो ४०/५० कै उमेरमा देखिन छाडेको छ । शिक्षा, खानपान र रहनसहन आदिमा आएको परिवर्तनले सहरका बासिन्दा र गाउँमा सुविधाप्राप्त नागरिक हिजोआज ७० वर्षसम्मै पनि सशक्त रहेको पाइन्छ । ५८ वर्षमा निजामती कर्मचारीबाट अवकाशप्राप्त मानिस त युवा उमेरकै देखिन थालेका छन् । यसैले पनि कर्मचारीले अवकाश पाउने उमेर ६० वर्ष र प्राध्यापकले ६५ वर्षमा अवकाश पाउने व्यवस्था गर्नुपर्ने आवाज उठिरहेका छन् । वृद्धभत्ता पाउने उमेर भने घटाउँदै लगिएको छ ।

उमेरलाई मात्रै एक मात्र आधार बनाएर दिइएको वृद्धभत्ताले समष्टिमा न्याय हुन नसकेको चर्चा पनि चल्ने गरेका छन् । जसका घरमा वर्षमा एक मुरी अन्न पनि भित्रिन्न उसले पनि उत्तिकै भत्ता पाउने र जसको आय सुन्दै बेहोस हुने अवस्था छ, उसले पनि उत्ति नै पाउनुले समाजवादी न्याय हुन नसक्ने तर्क व्यापक बन्दै गएका छन् । आवश्यकताका आधारमा दिइने व्यवस्था भएमा नै यो कार्यक्रम प्रभावकारी हुन्छ भन्नेहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ । अझ यसरी नगदमा भत्ता बाँड्नुभन्दा पनि यसको विकल्पमा दिगो कार्यक्रम तर्जुमा गर्नुपर्ने भनाइ पनि आउन थालेका छन् । पैसा मात्रै बुढेसकालमा सहाराका रूपमा पर्याप्त नहुने उदाहरण व्यावहारिक रूपमै देखिएका छन् ।

आर्थिक रूपमा अशक्त वृद्धवृद्धाको त आफ्नै पीडा छँदै छ, सम्पन्न वृद्धवृद्धाको पनि नेपालमा बिजोग देखिन थालेको छ । शिक्षा र धन दुवैमा कमजोर अभिभावकका सन्तति खाडी मुलुकतिर गएका होलान् तर ऋणधन गरेर विदेश पठाउन सक्नेहरूले अमेरिका, युरोपतिर पठाएका छन् । नेपाल युवाका दृष्टिबाट रित्तो छ, जुनसुकै घर हेरे पनि बुढापाकाले धानेको मात्रै देखिन्छ । बिजुली अफिसमा लाइन हेऱ्यो ज्येष्ठ नागरिक, खानेपानीको लाइनमा ज्येष्ठ नागरिक, वडा कार्यालयमा मालपोत बुझाउने लाइनमा ६० कटेकै मानिस मात्रै देखिन्छन् । सरकारी कार्यालयमा ज्येष्ठ नागरिकलाई छुट्याएको लाइनतर्फ भिड देखिन्छ भने अन्यका लागि छुट्याइएको ठाउँ खाली जस्तै भेटिन्छ ।

प्रधानमन्त्री भएकाहरूका सन्तति विदेशमै छन् । मन्त्रीहरूको छोराछोरी कता छन् भनेर सोध्नै पर्दैन । निजामती कर्मचारीका केटाकेटी स्वदेश बस्ने र पढ्ने कुरै भएन । धनीमानी व्यापारीका सन्तानले नेपालका विद्यालय वा कलेजमा पढ्दा इज्जत रहने भन्ने नै हुँदैन । नेता बनेर हिँडेकाले छोराछोरी नेपालमै राखे त कमजोर नेतामा दरिने नै भयो । विदेश गइसकेका स्वदेश फर्कने त कुरै भएन । देश चलाउने जिम्मा पाएकाका सन्तानसमेत भोलिका दिनमा नेपाल नफर्कने भएपछि नेपालका हितमा कसले काम गर्ला भन्ने चिन्ता सर्वसाधारणमा पलाउन थालेको छ । सक्षम र सन्ततिले बोलाउने सम्भावना भएकाले त बुढेसकालमा उतै गएर दिन बिताउने योजना बनाइसकेका छन् तर जसका सन्ततिले बाबुआमालाई उता बोलाउने छाँटकाँट देखिएको छैन उनीहरू मात्रै यहाँ बस्न बाध्य हुन्छन् ।

यस्तै अवस्था बढ्दै जाँदा हिजोआज अस्पतालमा साह्रै बिजोग देखिन थालेको छ । एक जना वृद्धको कुरुवा अर्को वृद्ध मात्रै देखिन्छ । हल न चल भएर अस्पताल भर्ना भएकी वृद्धाको सेवामा उसको पति वा छिमेकी बस्नुपर्ने बाध्यता छ । छोराछोरीले त मोबाइलमा फोन गरेर सान्त्वना दिने र खर्च पठाइदिने बाहेक अन्य विकल्प समाप्त प्रायः भइसकेका छन् । कथंकदाचित् कुनै एक छोरा वा छोरी विदेश नगई नेपालमा बसेर देशको सेवा वा अस्पतालमा बाबुआमाको सेवा गरिरहेको छ भने ऊ सन्ततिमध्येको कमजोरमा दरिन्छ ।

डाक्टर भएका छोराछोरी नेपालमा छैनन् । इञ्जिनियरिङ पढेको मान्छे नेपालमा बसे त बेइज्जत हुने नै भयो । नर्सिङ पढेका छोरीलाई त नेपालका अस्पतालले पारिश्रमिकमा शोषण गरेका कारण यहाँ बस्ने अवस्थै छैन । नेपालमा शिक्षक सेवा आयोगमार्फत शिक्षकको विज्ञापन खुल्दा चाहिए जति आवेदन पर्दैनन् । विश्वविद्यालयले कर्मचारी माग गर्दा आवश्यक सङ्ख्यामा दरखास्त नै पर्दैनन् । स्वरोजगार र कृषिकर्मका लागि नेपालमा पर्याप्त अवसर छ तर युवाको प्राथमिकतामा पर्नै छाड्यो । यद्यपि नेपालमा अवसर छैन भनेर बाहिरिनेहरूको लर्को घटेको छैन र तत्काल घट्ने सम्भावना पनि देखिएको छैन ।

यसरी नेपालबाट युवा बाहिरिएका कारण बाबुआमाले मृत्युवरण गर्दा पनि लास जल्नका लागि दुई तीन दिन कुर्नैपर्ने अवस्था सिर्जना भएको छ । आजको आजै जल्न पाएका लास निकै कम हुन थालेका छन् । पुरुषको अभाव भएका कारण कतिपय गाउँमा लास उठाउनै नपाएका समाचार पनि आइरहेकै छन् । पहिले पहिले लास बासी राख्न हुँदैन भनेर तात्तातै कुदाएको देखिन्थ्यो तर हिजोआज त्यसो हुने क्रममा ज्यादै न्यूनता आएको छ । हुँदाहुँदा परम्परा नै यही हो भनेर नेपालमै भएको छोराछोरीले समेत बाबुआमाको लास दुई दिन घरमा राखेर जलाउन लैजाने प्रचलन बस्ने हो कि जस्तै भएको छ ।

बच्चा जन्मिँदा अस्पतालमा बाबुआमाले हप्तौँ कुरे । बाल्यकालमा छोराछोरी बिरामी हुँदा पनि काखमा च्यापेर रातभरि ननिदाई मातापिताले सन्ततिलाई कुरेर बसे । छोराछोरी युवा भएपछि कलेजबाट कुन बेला घर आउँछन् भनी बाबुआमाले भान्सा कुरेर बसे । जागिर खाएका छोराछोरी मिटिङ भन्दै मध्यरातसम्म घर नआउँदा नखाई र नसुती बाबुआमाले दैलो कुरेर बसे । आज तिनै छोराछोरी मरेको पर्सिपल्टसम्ममा आइपुग्छन् कि भनेर तिनै मातापिताले कुरेर बस्नुपर्ने भएको छ । यो साह्रै दुःखद परिस्थिति हो । बिरामी पर्दा अस्पतालमा भेट्न आउँछन् कि भन्ने त कसैले आसै गर्दैनन् ।

यो अवस्थामा सरकारले अब वृद्धभत्ताको सट्टा अन्य विकल्पको सोच निर्माण गर्नुपर्ने भएको छ । वृद्धभत्ता भन्दा पनि बुढेसकालमा आवश्यक पर्ने सेवासुविधाका बारेमा ध्यान दिन आवश्यक छ । आर्थिक अवस्थाका आधारमा सामाजिक सुरक्षाका लागि कोष निर्माणमा नागरिकबाट कर उठाउने र वृद्धावस्थामा नागरिकलाई ढुक्क हुने परिस्थिति निर्माण गर्नु पर्छ । औषधी खर्च नलाग्ने, अस्पतालमा कुरुवाको आवश्यकता नपर्ने र सही अवस्थामा दिन काट्नका लागि सुविधा सम्पन्न वृद्धाश्रमको आवश्यकता खट्किन थालेको छ । खल्तीमा पैसा भएर पनि राति अस्पताल लैजाने मान्छे नभएका कारण घरमै अकालमै ज्यान गुमाउनेहरूको सङ्ख्या बढ्दै गएको तर्फ ख्याल गर्नुपर्ने समय आएको छ ।

छोराछोरीले लखेटेका कारण सडकमा रात बिताउन बाध्य बनाइएकाहरूको बाहुल्य रहेका अहिलेका वृद्धाश्रम कामचलाउ खाले मात्रै छन् । नागरिकबाट सामाजिक सुरक्षाका लागि कर नउठाई चलाइएका वृद्धाश्रमले बुढेसकालमा चाहिने सेवा दिन कठिन हुन्छ नै र सकेका पनि छैनन् । युवा अवस्थामा भन्दा सेवा चाहिने वृद्धावस्थामै हो । भोलिका दिनमा सरकारमा रहेकाहरू, नीति निर्माणमा खटिनेमध्ये जोकोहीको यस्तो अवस्था आउँदैन भन्ने छैन । त्यसैले वृद्धावस्थाका लागि उपयुक्त नीति बनाउन ढिला गर्न हुँदैन ।

# उद्यमशीलतासहितको उच्च शिक्षा

• वसन्त आचार्य

तथ्याङ्कले तथ्य पेस गरिरहेको छ, 'नेपालमा उच्च शिक्षा अध्ययन गर्न चाहने युवाको संख्या न्यून छ ।' कक्षा १२ उत्तीर्ण गरेर कलेजमा प्रवेश गर्नेहरूको तुलनामा नो अब्जेक्सन लेटर लिनका लागि लाइन लाग्नेको संख्या डरलाग्दो तरिकाले वृद्धि भइरहेको छ । यो संख्या सहजै ओरालो लाग्ने सङ्केत देखिँदैन । यसले एकातिर उच्च शिक्षा अध्यापन गराउने कलेज धमाधम बन्द हुने अवस्थामा पुगेका छन् भने अर्कातिर सिर्जनशील र दक्ष जनशक्तिको गन्तव्य विदेश हुँदा देशले दक्ष र योग्य जनशक्ति गुमाइरहेको छ । यो विकराल अवस्थाले सबैको टाउको दुखाइ रहेको त छ नै तर यसलाई कसरी उचित अवतरण गराउन सकिन्छ भन्ने बारेमा भने खासै गन्थन मन्थन भएको देखिँदैन । एकाध फोरममा यसका बारेमा चर्चा परिचर्चा भए पनि त्यसलाई कार्यान्वयन गर्ने इच्छाशक्ति र जाँगर मर्दै गएको प्रतित हुन्छ ।

माध्यमिक तहको अध्ययनपश्चात् विद्यार्थीले उच्च शिक्षाका लागि देशमै रहेका कलेजलाई गन्तव्य नबनाउनुका अनेक कारण हुन सक्छन् । सैद्धान्तिक कुरामा मात्रै आधारित हाम्रो शिक्षा प्रणाली, अनेक सङ्गठनका नाममा हुने गरेका दूषित राजनीतिक गतिविधि, नियमित रूपमा नहुने परीक्षा र नतिजा प्रकाशन, बजार माग प्रतिकूलको पाठ्यक्रमलगायत केही मूल कारण छन् । यस्ता कारणले केही सीमित प्रभाव पार्ने भए पनि अहिलेको जस्तो विकराल अवस्था ल्याउनका लागि यी कारण मात्रै पर्याप्त छैनन् । विदेशतिर दौडिरहेको अहिलेको पुस्तालाई देशमै रोक्ने बलियो आधार भनेको अध्ययन सँगसँगै उद्यमशीलता हो । अर्थात् विद्यार्थीले पढ्दै र पढेको कुरालाई उद्यमशीलतासँग जोडेर लैजान सक्यो भने यसले पक्कै पनि विद्यार्थीलाई स्वदेशमा रोक्नका लागि मह□वपूर्ण भूमिका बहन गर्न सक्छ । हामीले विद्यार्थी भिसामा विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई सोध्ने हो भने उसले दिने जवाफ "विदेशमा काम गर्दै अध्ययन गर्न सकिन्छ" भन्ने एकै खालको हुने गर्छ । विभिन्न समुन्नत देशले अँगालेको यो पद्धतिलाई हामीले अनुसरण गर्न नसक्नु नै अहिलेको विकराल अवस्थाको मूल कारण हो ।

कलेजहरू सिद्धान्त उत्पादन गर्ने कारखाना मात्रै होइन सिप उत्पादन गर्ने कारखाना पनि बन्न सक्नु पर्छ । पढ्नु भनेको ज्ञान मात्रै हासिल गर्नु, सैद्धान्तिक रूपमा अब्बल हुनु भन्नेमा व्यापक परिवर्तन आइसकेको छ । सिपबिनाको ज्ञानलाई आजको समयमा खासै मह□व दिइँदैन । हामीले पाठ्यक्रम परिवर्तन गरेर भए पनि अब विद्यार्थीलाई उद्यमशीलतासँग कसरी जोड्ने भन्ने बारेमा केही सुधार गर्नुपर्ने देखिन्छ ।

विश्वविद्यालयको आजको पाठ्यक्रमले विद्यार्थीले अनिवार्य रूपमा काम गर्नैपर्ने भन्ने कुराका बारेमा खासै उल्लेख भएको देखिँदैन । केही सीमित प्राविधिक विषयमा इन्टर्नसिपको व्यवस्था गरिएको भए पनि विद्यार्थीलाई व्यावसायिक रूपमा काम गर्नुपर्ने बाध्यात्मक अवस्था भने छैन । आजको पाठ्क्रमले विद्यार्थीलाई उद्यमशीलता बनाउन सकिन्छ भन्ने कुराको परिकल्पना पनि गर्न सकेको छैन । इन्टर्नसिपको सीमितताबाहेक विद्यार्थीलाई उद्यमशीलतासँग जोड्ने गरी विश्वविद्यालयले कुनै पनि खालको योजना ल्याउन सकेका छैनन् । माध्यमिक तह पूरा हुँदासम्म विद्यार्थीले टिनएज पार परिसकेका हुन्छन् । टिन एज पार गरेको युवालाई हामीले फेरि पनि किताबी ज्ञानमा मात्रै सीमित गर्न खोज्दा खेरि नै अहिलेको परिणति आएको हो । सरकारले युवालाई उद्यमशीलतासँग जोड्नका लागि केही कार्यक्रम ल्याएको भए पनि विभिन्न कागजी झन्झटले गर्दा त्यस्ता कार्यक्रम प्रभावकारी हुन सकेका छैनन् । मूलतः विश्वविद्यालयले नै त्यस्ता कार्यक्रम सञ्चालनमा ध्यान दिनु पर्छ ।

खासमा उद्यमशीलता जस्ता कार्यक्रम कलेजले नै सञ्चालन गर्नुपर्ने देखिन्छ । यस्ता उद्यमशीलताका कार्यक्रमले विद्यार्थीलाई कलेजमा पढेको कुरा व्यवहारमा लागु गराउने खालको हुनु पर्छ । उसले अध्ययन गरेको विषयसँग सम्बन्धित कुरामा कलेजले विद्यार्थीलाई काममा लगाउनु पर्छ । यसले विद्यार्थी ड्रप आउट हुन रोकिनुका साथै विद्यार्थीले आयआर्जनको बाटो पनि गतिलोसँग पहिल्याउन सक्छन् । अनि उनीहरूमा उद्यमशीलताको सोच विस्तारित हुँदै जान्छ ।

कलेजमा उद्यमशीलता कार्यक्रम लागु गर्नका लागि मूल कुरा यसलाई पाठ्यक्रममा समावेश गर्नु पर्छ । हामीकहाँ विद्यार्थीलाई ज्ञान मात्रै सिकाउने काम गरिन्छ । जसले गर्दा विद्यार्थीले आफूले सिकेको कुरा कसरी व्यवहारमा लगाउने भन्ने कुराका बारेमा कुनै अत्तोपत्तो नै पाउँदैन । यस कारण उद्यमशीलताको आधारभूत सिद्धान्त, व्यावसायिक योजना निर्माण, वित्तीय व्यवस्थापन र बजार रणनीतिका बारेमा विद्यार्थीलाई जानकारी दिनका लागि उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नु पर्छ । यसका साथै उद्यमशीलताका माध्यमबाट व्यावसायिक सफलता प्राप्त गरेका विभिन्न व्यक्तिका बारेमा केस स्टडिज पनि विद्यार्थीलाई अध्यापन गराउनु पर्छ । आज सानो सानो लगानीबाट सुरुवात भएको उद्यम भोलिका दिनमा विशाल हुँदै जान्छ भन्ने सोच विद्यार्थीमा बीजारोपण गर्नु पर्छ ।

पाठ्यक्रम निर्माणपश्चात् विद्यार्थीलाई व्यवसाय सुरुवातको बारेमा जानकारी दिनका लागि उद्यमशीलता केन्द्रको स्थापना गर्नु पर्छ । यस्तो केन्द्र स्थापनाले विद्यार्थीलाई सिप विकास कार्यशाला, प्राविधिक तालिम र व्यवसाय प्रवर्धन जस्ता गतिविधिका बारेमा जानकारी दिने गर्छ । यस्तो केन्द्रले विभिन्न उद्योगी र व्यववसायीलाई बोलाएर उनीहरूका अनुभव सुन्ने र विद्यार्थीलाई उद्यमशीलतातर्फ उत्प्रेरित गर्ने कार्य गर्नु पर्छ । यस्तो केन्द्र कलेजहरूकै सक्रियतामा स्थापित हुनु पर्छ ।

आजका विद्यार्थीले संसार बुझेका हुन्छन् । नयाँ ज्ञान सिक्नका लागि अनेकानेक प्लेटफर्मसमेत प्रयोग गरिरहेका हुन्छन् । यस्तो अवस्थामा कलेजले एकोहोरो पाठ्क्रमलाई रटान लगाउने मात्रैभन्दा पनि विद्यार्थीका नयाँ सोच र सिर्जनात्मक कुरालाई पनि मह□व दिनु पर्छ । कलेजले विद्यार्थीमा व्यावसायिक योजना तथा नवप्रवर्तनसम्बन्धी प्रतियोगिता आयोजना गर्नु पर्छ । यस्ता विद्यार्थीलाई योजनाका आधारमा लगानीका साथै पुरस्कृतसमेत गर्न सकियो भने विद्यार्थीमा सिर्जनात्मक सोचका लागि उत्प्रेरणा बढ्ने देखिन्छ ।

हाम्रा कलेजहरूले सजिलै गर्न सक्ने अर्को काम भनेको विभिन्न व्यावसायिक व्यक्ति र उद्योगीसँग सहकार्य गर्नु हो । अहिले कैयौँ उद्योगहरूले दक्ष जनशक्ति प्राप्त गर्न नसकिरहेको गुनासो सुनिन्छ । कलेजले बजारको आवश्यकतालाई सम्बोधन गर्ने खालको जनशक्ति उत्पादनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । विभिन्न व्यवसाय तथा उद्योग सञ्चालन गरिरहेका व्यक्तिहरूसँग सहकार्य गरेर यस्तो कार्यलाई अगाडि बढाउन सकिन्छ । यसरी उत्पादन भएको जनशक्ति बजारका लागि टिक्न र बिक्न सफल हुन्छ । यसरी विभिन्न उद्योगसँग सहकार्य गरेपछि विद्यार्थीले पढेको कुरा व्यवहारमा लागु गर्न र केही आम्दानीसमेत गर्न सक्षम हुने देखिन्छ ।

यतिबेला अधिकांश विद्यार्थीमा एक खालको भाष्य निर्माण भएको छ । राम्रो योजना भएर मात्रै के गर्नु त्यसलाई कार्यान्वयन गर्नका लागि लगानी नै हुँदैन भन्ने खालको गुनासो विद्यार्थीमा छ । कलेजले विभिन्न स्रोत पहिचान गरेर विद्यार्थीको व्यवसायका लागि अनुदान वा स्टार्टअप लगानी कार्यक्रम सञ्चालन गर्नु पर्छ । यसका लागि सस्तो दरमा ऋण उपलब्ध गराउन बैङ्क तथा वित्तीय संस्थासँग सहकार्यसमेत गर्न सकिन्छ ।

हामीकहाँ सामाजिक उद्यमशीलताको अभाव छ । कलेजले स्थानीय समुदायसँग सहकार्य गरेर विभिन्न सामाजिक उद्यमशीलताका परियोजना सञ्चालन गर्न सक्छ । मानौँ कुनै ठाउँमा कृषि उत्पादनमा समुदाय लागिरहेको छ भने त्यसलाई उचित बजारीकरणका लागि व्यवस्थापन सङ्कायका विद्यार्थीले योजना निर्माण गरेर संयुक्त रूपमा काम गर्न सक्छन् । यस्ता उदाहरण अनेक खालका हुन सक्छन् ।

आज विद्यार्थी स्वदेशमै नरोकिनुका पछाडि हामीले केही न केही त्रुटि अवश्य गरेका छौँ भन्ने नै हो । शिक्षा पद्धतिलाई यहीस्वरूपमा राखेर विद्यार्थी यही रोकिउन् भन्ने सोच्नु मूर्खतासिवाय केही पनि होइन । यस कारण हामीले नयाँ ढङ्गले अब उच्च शिक्षालाई अगाडि बढाउन सकेनौँ भने हाम्रा कलेज विद्यार्थीबिनाका खाली कोठामा रूपान्तरण हुने निश्चित छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# परीक्षा केन्द्र गाभ्ने निर्णयप्रति महासंघको आपत्ति



झापा(प्रस) । दुर्गम हिमाली जिल्लालाई असर पर्ने गरी सरकारले माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न परीक्षा केन्द्र गाभ्ने निर्णय गरेसँगै शिक्षक महासंघ सोलुखुम्बु लगायत सम्बद्ध संघ सङ्गठनहरूले आपत्ति जनाएका छन् ।

परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले गत माघ २ गते हिमाली जिल्लामा एक सय ५० जनाभन्दा कम, पहाडी जिल्लामा दुई सय भन्दा कम, तराई मधेशका तथा उपत्यकाका जिल्लामा तीन सय भन्दा कम र चार सयभन्दा बढी परीक्षार्थी संख्या नहुने गरी परीक्षा केन्द्र निर्धारण गर्ने निर्णयमा असहमति जनाउदै शिक्षा विकास तथा समन्वय इकाई सोलुखुम्बुका प्रमुख पुण्यराज डङ्गोलमार्फत निर्णय सच्याउन ध्यानाकर्षण गराएका छन् ।

एसइइ परीक्षाको सम्मुखमा परीक्षा केन्द्र कटौती गर्ने गरी गरिएको निर्णयले सोलुखुम्बुका विद्यार्थी समस्यामा पर्ने बताइएको छ । परीक्षा नियन्त्रण कार्यालयको निर्णय अनुसार जिल्लाका ५० प्रतिशत बढी परीक्षा केन्द्र कटौती हुने भएपछि अपरिपक्व निर्णय भएको भन्दै मान्य नहुने नेपाल शिक्षक महासंघ सोलुखुम्बुका अध्यक्ष जनककुमार थापाले बताए ।

हिमाली जिल्लाहरूमा आफैंमा भौगोलिक विकटताको समस्याका साथै परीक्षार्थी समेत कम भएको अवस्था भएकाले परीक्षा केन्द्र कटौती हुँदा विद्यार्थीलाई मार पर्ने उनीहरूको दावी छ । यस्तै परीक्षा नियन्त्रण कार्यालयले गरेको निर्णय अनुसार प्राविधक धारतर्फको परीक्षा केन्द्र समेत जिल्ला सदरमुकाममा कायम गर्नुपर्ने स्थिति जिल्लामा रहेकाले यसले प्राविधिक धारतर्फको अध्ययनको आकर्षण नै घट्ने समेत दावी गरेका छन् ।

# आन्तरिक पर्यटकको केन्द्र भन्दै बेतना सिमसार



झापा(प्रस) । हिउँद सुरु भएसँगै मोरङका सिमसार क्षेत्र भरिभराउ हुन थालेका छन् । खासगरी मोरङको बेतना सिमसारमा पछिल्लो समय बिदाको दिन र शनिबार आन्तरिक पर्यटकले भरिने गरेको छ । सिमसार क्षेत्रमा बनभोज खान पुग्ने मात्र होइन, सङ्घसंस्थाको साधारणसभा, गोष्ठी र सेमिनार पनि सिमसार क्षेत्रमा हुने गरेको छ ।

मोरङमा सबैभन्दा व्यस्त र भीड हुने पर्यटकीय केन्द्र बेलबारी -४ मा बेतना सिमसार पर्छ । पूर्वपश्चिम महेन्द्र राजमार्गसँगै जोडिएर रहेको सिमसार क्षेत्रमा बिदाको दिन खुट्टा राख्ने ठाउँसम्म पाइँदैन । १७४ दशमलव ९१ हेक्टरमा फैलिएको सामुदायिक वनमा ११ हेक्टर क्षेत्रफल सिमसार क्षेत्र छ । ७ हेक्टरमा पोखरी क्षेत्र छ ।

हिउँदमा साइबेरियादेखि दुर्लभ प्रजातिका चराहरु आउने गरेकाले पनि यो क्षेत्र आकर्षक गन्तव्य बनि रहेको जानकारहरू बताउँछन् । बेतना सामुदायिक वन उपभोक्ता समितिको संरक्षणमा रहेको सिमसार क्षेत्रको अर्को आकर्षण विश्वकै दुर्लभ प्रजातिका कछुवा हुन् ।

सिमसारभित्र सय केजीभन्दा बढी तौलका कछुवाहरू जो कोहीले सजिलै अवलोकन गर्न सक्ने वनका अध्यक्ष शम्भु भट्टराई बताउछन् । बेतनालाई दुर्लभ प्रजातिका कछुवाको प्रजनन केन्द्रका रुपमा पनि चिनिन्छ । विभिन्न जातका माछा, जीवजन्तु, वनस्पति बेतना सीमसार क्षेत्रका थप आकर्षण हुन् । अझ पछिल्लो समय सीमसार परिसरमा चिडियाखानको झल्को दिने गरी उद्धार गरी ल्याइएको जङ्गली जीवजन्तुको संरक्षण गरिएको छ । अध्यक्ष भट्टराईका अनुसार सिमसार क्षेत्रमा नीलगाई, विभिन्न प्रजातिका बाँदर, लोखर्के, वन बिरालो, सर्प, अजिङ्गर, चाइनिज मुसा, खरायो, लाटोकोसेरो, हुचिल, दुम्सी, चित्तललगायतका जीवजन्तु संरक्षण गरिएको छ ।

# ५६ गरिव परिवारलाई खाद्यान्न र लुगा वितरण

बिर्तामोड(प्रस)। झापा बिर्तामोड ८ का युवा समाजसेवी चिरञ्जीवी कार्कीले ५६ गरिव तथा निमुखा परिवारलाई खाद्यान्न र न्यानो लुगा वितरण गरेका छन् । आफ्ना स्वर्गीय पिता पूर्व जनप्रतिनिधि खड्गबहादुर कार्कीको १३ औ दिनको पुण्यतिथि सकेपछि उनले बिर्तामोड ८ का गरिव , असहाय र अपांगहरुलाई एक-एक थान ब्लांकेट , ४-४ केजीका दरले चिनी र आटा , ५ केजी चामल र आधा लिटरका दरले खानेतेल वितरण गरेका हुन् । वडा नं ८ मा रहेको १४ वटा टोलका ४ जनाका दरले सामग्री वितरण गरिएको हो । पिताको स्वर्गबासपछि गुरु पण्डितहरुलाई दान दक्षिणा दिएर गर्नुपर्ने धर्मसंगै मानवीय हिसाबले आफूले कर्म निर्वाह गरेको कार्कीले बताए । कार्की गत स्थानीय तहको निर्वाचनमा बिर्तामोड ८ बाट वडाध्यक्षको पदमा उठेका थिए ।

उनका पिता साविक गरामनी गाउँ पञ्चायत र गाउँ विकास समितिका पूर्व जनप्रतिनिधि खड्गबहादुर कार्कीको माघ ७ गते बेलुका ८१ वर्षको उमेरमा निधन भएको थियो । वि. सं. २०४२ देखि २०५४ सम्म साविक गरामनी गाउँ पञ्चायत र त्यसपछि गाउँ विकास समिति वडा नं ४ को उनी लगातार दुई पटक वडाध्यक्ष भएका थिए ।

# क्यान्सरका बिरामीलाई निःशुल्क हवाई टिकट दिने सम्झौता

झापा(प्रस) । क्यान्सरका बिरामीलाई निःशुल्क हवाई टिकट उपलब्ध गराउन यती एयरलाइन्स प्रालि र पूर्वाञ्चल क्यान्सर अस्पतालबीच सम्झौता भएको छ । एयरलाइन्सको प्रमुख व्यापार अधिकृत युवराज विष्ट र पूर्वाञ्चल क्यान्सर अस्पतालका अध्यक्ष दुर्गा प्रसाईंले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

सो अवसरमा सामाजिक उत्तरदायित्व वहन गर्दै क्यान्सरका बिरामीलाई निःशुल्क हवाई टिकट उपलब्ध गराउने सहमति भएको यती एयरलाइन्सका उपप्रबन्धक विमल विष्टले जानकारी दिए ।



विर्तामोडस्थित पूर्वाञ्चल क्यान्सर अस्पताल विसं २०७६ फागुन १८ गतेदेखि सञ्चालन भइरहेको छ । एक सय शय्याको सो अस्पतालले क्यान्सरका बिरामीको उपचारका लागि पेटसिटी, रेडियो थेरापी, केमो थेरापी, सर्जरीलगायत उपचार प्रविधि र उपलब्ध गराइरहेको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा वीरेन्द्र यादवले बताए ।

उनले भने,“निःशुल्क हवाई टिकटको सुविधाले क्यान्सरका बिरामीलाई सहयोग मिल्नेछ । देशभरका बिरामीलाई पेटसिटीलगायत उपचार प्रविधिका लागि महँगो खर्च तिरेर भारत जानुपर्ने बाध्यता हट्ने छ । ” पूर्वाञ्चल क्यान्सर अस्पतालका जनसम्पर्क अधिकृत प्रमिश गिरीले निःशुल्क हवाई टिकट प्राप्त गर्न क्यान्सर सङ्क्रमण प्रमाणित भएर अस्पतालमा उपचार सेवा लिइरहेको सुनिश्चित हुनुपर्ने सम्झौतामा उल्लेख रहेको जानकारी दिए ।

“देशको जुनसुकै भागबाट उपचार लिन आउने बिरामीले यो सुविधा एकपटक लिन सक्नुहुन्छ”, उनले भने, “तर सुविधा पाउन क्यान्सर प्रमाणित भएको र अस्पतालमा सेवा लिएको सुनिश्चितताचाहिँ हुनुपर्दछ ।” बिरामीले अस्पताल जाने र घर फर्किने दोहोरो टिकट पाउने उनले बताए ।

# सोनाम ल्होछारको अवसरमा विविध कार्यक्रम

भद्रपुर(प्रस) । २८६१ औं मञ्जुश्री संवत तथा सोनाम ल्होछारको अवसर पारेर नेपाल तामाङ घेदुङ नगर कार्यसमिति भद्रपुरले विविध कार्यक्रम सम्पन्न गरेको छ ।

घेदुङले भद्रपुर ३ स्थित गोले चौकको खुल्लामैदानमा अग्रज व्यक्तित्व सम्मान, तामाङ साँस्कृतिक नुत्य प्रस्तुत तथा ल्होछारको बारेमा विविध प्रवचन कार्यक्रम सम्पन्न गरेको हो ।



घेदुङका नगर अध्यक्ष बसन्तकुमार तामाङको अध्यक्षता तथा कोशी प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री भूमिप्रसाद राजवंशीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै राज्यमन्त्री राजवंशीले जातीय पहिचान स्थापित गर्न भाषा, धर्म र संस्कृति बचाउनु पर्ने धारणा राख्दै मौलिकताबिना जातीयता नरहने प्रष्ट पारेका थिए ।

राज्यमन्त्री राजवंशीले राजनीतिक चेतना नभई जातीय उत्थान नहुने भन्दै उन्नत वर्गले उपयोग गर्ने आरक्षण अवको आवश्यकता नरहने भन्दै आरक्षण विपन्न तथा सीमान्तकृतका लागि आवश्यक रहेको बताए ।

कार्यक्रममा भद्रपुर नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, घेदुङका कोशी प्रदेश अध्यक्ष रेखबहादुर तामाङ, झापा अध्यक्ष जगतबहादुर लोप्चन, नेपाल आदिवासी जनजाति महासंघ भद्रपुर अध्यक्ष शमशेर मोक्तानलगायतले मन्तव्य राख्दै नेपालको मौलिक पहिचान बोकेको तामाङ जाति राजनीतिमा पछाडि परेकै कारण पहिचान पाउन नसकेको भन्दै राजनीतिक जाँगर तथा जातीय उत्थान अवको आवश्यकता रहेको धारणा राखेका थिए ।

घेदुङका नगर सचिव राकेश तामाङले सञ्चालन गरेको कार्यक्रममा तामाङ समुदायको उत्थानमा योगदान दिने विभिन्न अग्रज व्यक्तित्वलाई सम्मान गरिएको थियो । त्यस्तै विविध तामाङ संस्कृति झल्कने नृत्य प्रस्तुत गरिएको थियो ।

## भद्रपुरका...

पेटीको क्षेत्र निर्धारण गर्नुपर्ने भएमा नगर प्रहरीमार्फत सहजीकरण गर्ने, साविक रहेको जिल्ला हुलाक कार्यालयको पश्चिमतर्फको बाटोबाट उत्तर हुँदै प्रदीप वस्त्रालयसम्मको २ नम्बर सडकमा लाग्ने हाटबजार व्यवस्थापन गर्न कृष्ण हलदेखि झिम्की चोकसम्म ३ नम्बर सडकको प्रयोग (नालामाथि स्ल्याबको प्रयोग) लगायत अन्य विकल्पको बारेमा ५ नम्बर र ६ नम्बर वडा कार्यालय, भद्रपुर बजार व्यवस्थापन समिति, उद्योग वाणिज्य संघ र स्थानीय व्यवसायीहरूबाट स्थलगत अनुगमन गरी नगरपालिकामा सिफारिस गर्ने, बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन गर्न तत्कालका लागि वानवे वा क्रसिङ आदि विधिको प्रयोग गर्ने तथा भन्सार पछाडिका खाली सडक र पुरानो सिनेमा हल जाने सडकलाई प्रयोग गर्नका लागि ट्राफिक प्रहरी र अन्य सुरक्षा निकायसँग समन्वय गर्ने, विद्यालय बस, एम्बुलेन्स, दमकल लगायतका अत्यावश्यक सवारीसाधनबाहेक अन्य मालवाहक ठुला सवारी साधनहरूलाई बजार क्षेत्रमा हटिया लागेका दिन बुधवार र शनिवार बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म प्रवेश निषेध गर्ने निर्णय गरिएको थियो ।

त्यस्तै भद्रपुर बसपार्क प्रयोगमा ल्याउनको लागि मेची राजमार्गमा आवतजावत गर्ने सार्वजनिक यातायातका सवारी साधनलाई व्यवस्थापन गर्ने सन्दर्भमा बनियानी, बगानलगायत दक्षिणी भेगबाट आउने सवार ीसाधनहरूलाई झापा चोकबाट भद्रपुर बसपार्क छिराउँदै गिरी चोकबाट जान पाउने र बिर्तामोडबाट आउने सवार ीसाधनको हकमा पनि त्यही रूट प्रयोग गर्नुपर्ने, भद्रपुर बजार व्यवस्थापन समितिलाई बजार व्यवस्थापनका लागि सक्रिय बनाउने र आवश्यकता अनुसार पुनर्गठन गर्ने, बजार क्षेत्रमा रहेको जिल्ला हुलाक कार्यालयको पुरानो भवनलाई पार्किङ स्थलको रूपमा प्रयोग गर्न संघीय सरकारको सम्बन्धित निकायमा आवश्यक समन्वय गर्ने र नगरपालिकाको स्वामित्वमा बजारमा रहेको पुरानो भवन जीर्ण बन्दै गएकोले त्यसलाई भत्काएर अन्डरग्राउन्ड पार्किङ, पसल, सभा हलसहितको भवन निर्माणका लागि नगर विकास कोषलगायत ऋण प्रदायक संस्था, नेपाल सरकार र प्रदेश सरकारका अन्य निकायहरूसँग सहकार्य र समन्वय गर्ने निर्णय गरिएको थियो ।

यी निर्णयहरू हाल नेतृत्व गरिरहेका नगर सरकारका जिम्मेवार पक्ष आफैंले कार्यान्वयन गर्ने छाँटकाट देखाएको अवस्था छैन । बजारको मूल सडक अस्तव्यस्त बन्दा आवतजावत असहज छ । नागरिकको घरआँगनको शक्ति सम्पन्न नगर सरकारले चासो राखेर काम गर्ने हो भने भद्रपुर बजार तथा सरकारी कार्यालय क्षेत्रका मूल सडकको अस्तव्यस्तता हट्ने थियो । सडकमा व्यापार गर्ने कार्य रोकेर महत्वपूर्ण सरकारी कार्यालय तथा वजार क्षेत्रका सडक फराकिला बनाउँदा जल्दोबल्दो समस्या हल हुनसक्थ्यो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** — विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

**वृष** — धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**मिथुन** — मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कर्कट** — आज पहेंलो रङ्गको पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

**सिंह** — आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** — कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला** — न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक** — आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** — आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** — आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

**कुम्भ** — आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन** — अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।